जोडिने ठाउँदेखि उत्तरतर्फ त्रिनगर गा. पं. वार्ड नं. ४ को भंसारदेखि चौराहा आउने मूल सडक (डी. आर.) देखि पूर्वतर्फको सबै, पश्चिमको सडकसंग जोडिएको कि. नं. १२९, १३०, १३१, १३२, १३३, १३४, १३५, १३७, १५६, १५५, १५८, १६८, १८२, १८३ र १८५ का कित्ताहरू ।

(२) तारा नगर गा. पं. वार्ड नं. ४ (क) र ४ (ख) पूरै ।

(३) देवहरिया गा. पं. वार्ड नं. ७ को कि. नं. १७५ र १७७ को दक्षिणतर्फको नालादेखि र सो हुँदै कि. नं. १६० को रेलडण्डी बाटोदेखि उत्तरको सबै भागहरू ।

२३. महेन्द्रनगर नगर पञ्चायतभित्रको निम्न चौहद्दीभित्रको क्षेत्र:–

साबिक ऐरी गा. पं. वडा नं. ७ (ख), ७ (ग) र ८ (क) हाल महेन्द्र नगर नगर पञ्चायत वडा नं. ३ र ६ को मूल नहरदेखि दक्षिण, महेन्द्र नगर नगर पञ्चायत वार्ड नं. ४, १८ र १६ मा पर्ने महेन्द्र नगर नगर विकास समितिको दक्षिण सीमानादेखि मात्र उत्तर साबिक ऐरी गा. पं. को हाल महेन्द्र नगर न. पं. वार्ड नं. ४ तल्लो गोवरैयाबाट वार्ड नं. १५ निमूवा खेडा खरै भट्टी जाने शाखा नहर (महेन्द्र नगर नगर विकास समितिको दक्षिण सीमानासम्म मात्र) देखि पूर्व, साबिक ऐरी गा. पं. को हाल महेन्द्र नगर नगर पञ्चायत वार्ड नं. ४, १८ र ३ मा समेत पर्ने सुखानाला (महेन्द्र नगर विकास समिति) को दक्षिण सीमाना र मूल नहरसम्मदेखि पश्चिम यति ४ किल्लाभित्रको ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मनोरन्जन कर ऐन, २०१७ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी मिति २०३७।६।१३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम काठमाडौं उपत्यकाबाहेक अन्य क्षेत्रमा चलचित्र प्रदर्शनमा लाग्ने मनोरन्जन करमा ३० प्रतिशत छूट दिएकोमा, विराटनगर रानीस्थित अरूण सिनेमा हलको चलचित्र प्रदर्शनमा हाल १० प्रतिशत थप गरी जम्मा ४० प्रतिशतका दरले मनोरन्जन कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

30

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।